किरात राई यायोक्खा हङकङ

# <u>मृत्यु संस्कारको फारम</u>

मिति **:**

श्रीमान अध्यक्षज्यु,
किरात राई यायोक्खा हङकङ ।

**मृत्यु संस्कार गरिदिनहुन अनुरोध ।**

म किरात राई यायोक्खा हङकङको सदस्यको हैसियतले निम्न विवरण भएको मेरो नाताको किरात राईहरुको विधि अनुसार मृत्यु संस्कार गरि दिनहुन यो निवेदन पेश गर्दछु । फारम सहित हङकङ डलर १००० किराया कोषमा जम्मा गरेको छु । अन्य खर्चहरु भए बिल अनुसार भुक्तानी गर्नेछु ।

**मृतकको जिवनी :**

| | | | |
|---|---|---|---|
| मृतकको नाम : | | थर : | |
| पाछा : | | सामे : | |
| जन्म साल : | | मृत्यु साल : | |
| बाबाको नाम : | | आमाको नाम : | |
| दाजु/भाईहरु : | | दिदि/बहिनिहरु : | |
| जन्म स्थान : | | स्थायि बसोबास : | |
| हङकङको ठेगाना : | | प्रवेश साल : | |
| पति/पत्नीको नाम : | | | |
| छोराहरु : | | छोरीहरु : | |
| शिक्षा : | | | |
| काम गरेको बिवरण : | | | |
| अन्य देश भ्रमण : | | | |
| सम्मान अवार्ड प्राप्त : | | | |
| संघ संस्थामा आवद्ध : | | | |
| मृत्युको कारण : | | | |

**अन्य बिवरण :**

| | | |
|---|---|---|
| फनेरल हल / क्रेमाटोरी हल / मलामी बस बुकिङ | ☐ एजेन्ट | ☐ आफै गर्ने |
| मलामी बस सम्पर्क ब्यक्ति : | ☐ किराया | ☐ आफै गर्ने |
| मलामी चोख्याउने खानपान : | ☐ किराया | ☐ आफै गर्ने |
| **श्रद्धान्जलीका सामाग्री ब्यावस्था :** | | ☑ <u>आफै गर्ने</u> |
| ३ मिटर सेतो कपडा, १ माना चामल, १ सिक्का पैसा, १ बोदल रक्सि, ३ बोदल पानी, १ किलो माटो, ५०० मिलि तेल, १ बक्स धुप, १ कलश फुलपाती, १ दियोबत्ति, १ केजी कोईला, ३ वटा आगो बाल्ने स्टार्टर, १ आगो बाल्ने बटुको, १ लाईटर । | | |
| कार्यक्रम संचालन : | ☑ किराया | |
| मृत्यु संस्कार पुस्तिका : yayokkha@gmail.com | ☑ किराया | ☐ प्रतिः _____ |
| कुविमि (धामी) : १ चिण्डो, १ धनुकाँड, ३ चोगे, १ भर्याङ, १ अदुवा । | ☑ किराया | |

| | | |
|---|---|---|
| **सामुहिक चुलाबाट आत्मा बाटो लाउने कार्य (ऐच्छिक):** | ☐ गर्ने | ☐ नगर्ने |
| गर्ने भए हङकङ डलर ३००० लाग्ने छ । आवश्यक सामाग्रीहरु किराया हङकङले प्रदान गर्नेछ । | | |

**आवश्यक सामाग्रीहरु:**

- सेउली, केराको पात, दुवो र फुल ।
- धनुकाँड, भाला, खुकुरी, हसियाँ, खुर्पा, थुम्से, डालो, नाङलो, माना, पाथि, ढुङग्रो, दुना, टपरा, थाल, अदुवा, धुप, दियो बत्ति आदि ।
- अन्नहरु (धान, मकै, कोदो, घैया, कागुनी आदि), जाँडले भरेको चिण्डो (कोदो र मर्चाको मिसावट), चामलको भात ।
- बिभिन्न मासुहरुको मिसावट (कुखुराको मासु, कालीजको मासु, फिस्टाको मासु, डाफेको मासु, मुनालको मासु, बदेलको मासु, चौंरीको मासु, अरनाको मासु, गाईको मासु, गोरुको मासु, मृगको मासु, घोरलको मासु, थारको मासु, पाहाको मासु, सर्पको मासु, माछाको मासु, बच्छिउको मासु, रिङगलको मासु आदि)
- कचौरामा नुन, तेल र तामाको सिक्का, नाङलोमा अक्षता चामल, कलश, दियो बत्ति, दहि चामलको टिका, रक्सि र १ कासे बोटुको
- कजेरीहरु ब्यावस्थापन / कुविमिहरु ब्यावस्थापन

**खानपानहरु :** (मेनु तथा विल अनुसार भुक्तानी गर्नुपर्ने छ । )

आवेदकको नाम : ______________________________ नाताः ____________________

फोन : ______________ हस्तक्षर : __________________

## हङकङमा किरात राईहरुको मृत्यु संस्कार

(गाइडलाईन)

### १. मृत्यु संस्कार




नेपालमा किरात राईहरुको मृत्यु संस्कार थर, पाछा, खोला, थुम अनुसार फरक फरक  पाईन्छ । मृत्यु संस्कार समय अनुसार परिवर्तन हुँदै गएको छ । मुन्धुम लिखित रुपमा नराखि मौखिक रुपमा बोलिन्दै जाँदा कर्मकाण्डका विधिहरु फरकिन्दै गएको हो । देशको परिस्थिति र समयनुकुल बनाउदा पनि विधिहरु फरकिन्दै गएको छ । हङकङमा पनि यस देशका कानुन, परिवेश र समयनकुल बनाउदा केही विधिहरु नेपाल भन्दा फरक हुन पुगेको छ ।

### २. नेपाल र हङकङमा भिन्नता

1. नेपालमा मृत्यु भएकै दिन अन्तेष्टि गरिन्छ । हङकङमा अन्तेष्टिको लागि बुकिङ गर्न पर्दछ ।
2. नेपालमा किरात राईहरुलाई गाढ्ने चलन छ । हङकङमा गाढ्नको लागी महङगो डलर तिर्न पर्दछ वा महङगो हवाईजहाज भाडा तिरेर नेपाल लान पर्दछ । हङकङमा जलाउन अलि सस्तो पर्दछ । त्यसैले जलाउने चलन चलेको छ ।
3. हङकङमा मृतकको खरानीलाई कित पैसा तिरेर प्राईभेट कलम्वरियममा राख्न पर्दछ वा पब्लिक एरिया (हङकङ सरकारले तोकेको सामुन्द्रिक एरिया वा सम्झनाका फुलबारीहरुमा) राख्न पर्दछ । हाल मृतकको खरानीलाई नेपाल लगि आफ्नै रिती रिवाज अनुसार कर्मकाण्ड गरेको पाईन्छ ।
4. नेपालमा छाक छाड्नु, नुनतेल बारनु, काजक्रिया गर्नु आदि सबै आआफ्नै खोला, भाषा, ठाँउ अनुसार फरक पाईन्छ । हङकङमा दैनिक कार्य गर्नुपर्ने भएकोले १ छाक छोड्ने, क्रियाकर्म गर्न परे निश्चित दिन नतोकि पव्लिक होलिडे आईतबारको दिन गर्नुपर्ने बाध्यता रहेको छ ।

### ३. हङकङमा किरात राईको मृत्यु भएमा के गर्ने ?

1. किरात राई कसैको मृत्यु भएमा पाँचछाके दाजुभाई र देशबिदेशमा रहेका नरनाताहरु सवैलाई तुरुन्तै खबर गर्नु पर्दछ ।
2. पाँचछाके दाजुभाईले मृत्यु भएकै दिनदेखी पाँच छाक बार्नु पर्दछ । अन्य दाजुभाईहरुले सुनेकै दिनदेखी पाँच छाक बार्नु पर्दछ ।
3. सन्तानहरुले मृत्यु भएकै दिनदेखी अन्तेष्टि नगरिन्जेल सम्म सफा सेतो कपडा लगाई, नुन तेल नखाई, ढोगभेट नगरी मृत्यु शोकमा बस्न पर्दछ ।
4. शोकाकुल परिवारले मनोरन्जन र मनोरन्जनका साधनहरु बन्द गर्नु पर्दछ ।
5. घरको कुनै एक कोठामा मृतकको फोटोमा फुलमाला, पुष्पगुच्छा राखि थान थपना गरि दियोबत्ति बालीदिन पर्दछ ।
6. मृतकको फोटोको छेउमा एक माना चामल, एक बोदल रक्सी, एउटा कलशमा दुबो, तितेपाती राखि दिन पर्दछ । अन्य नरनाता आएको बखत धुप बाल्न लगाउनु पर्दछ ।
7. मृतकको फोटोको अगाडी एउटा थाल वा कचौरा राख्नु पर्दछ र घरमा जे पकाईन्छ, खाईन्छ, खानु अगावै मृतकलाई अलिकती सारीदिनु पर्दछ ।

### ४.  हङकङमा किरात राईहरुको मृत्यु संस्कार विधि :

हङकङमा मृतकको आफन्तले आफ्नो दाजुभाई भए, आफ्नै कुविमि भए, आफ्नै भाषिक संगठनहरु भए आफ्नै रिति रिवाज अनुसार मृत्यु संस्कार गर्न सक्नेछन । तर मृतकको आफन्तले

किराया हङकङले मृत्यु संस्कार गरिदिन निवेदन गरे निम्न तरिकाले विधी संचालन गरि दिने छ । कतिवटा विधि संचालन गर्ने मृतकको आफन्तको ईच्छामा भर पर्नेछ ।

1. **चुला बाहिर गरिने विधी**
    1. थान उठाउनी विधी – मृतकको घरमा ।
    2. आत्मा जगाउने विधी – श्रद्धान्जली स्थलमा ।
    3. आत्मा छुट्याउने विधी – अन्तेष्टि स्थलमा ।
    4. मलामी चोख्याउने – (सकिन्छ भने सुप्तुलुङ खिममा गर्ने)
2. **चुला भित्र गरिने विधी**
    1. चुलामा मृतकको आत्मालाई बोलाउने विधी ।
    2. चुलामा मृतकको आत्मालाई सोधनी गर्ने विधी ।
    3. मृतकको आत्मालाई बाटो लाउने विधी ।
    4. काजक्रिया । (नुनतेल, ढोगभेट फुकाउने विधी)




**५. एजेन्सिले गर्ने कार्यहरु**

- शवलाई नेपाल लाने वा सदगत हङकङमा गर्ने निर्णय गरि सोहि अनुसार कागजात तयार गर्ने ।
- श्रद्धान्जलीको लागि फनेरल हल (साईज अनुसार) बुकिङ र अन्तेष्ठीको लागि क्रेमाटोरी हल बुकिङ । (फनेरल हल र क्रेमाटोरी हल बुकिङ कम्तिमा ३ घण्टाको फरकमा हुनुपर्ने छ)
- श्रद्धान्जलीको लागि लास राख्ने बाकस खरिद, मृतकको फेश डेकोरेशन, श्रद्धान्जली फोटो, धुप आदि ।
- अन्तेष्ठीको लागि शव वाहन, मलामी जान आउन रुटिन अनुसार बस ब्यावस्थापन ।
- मृतकको खरानी निकाल्ने ।

**६. संस्थाले गर्ने कार्यहरु**

- मलामी ब्यावस्थापन ।
- कुविमिलाई खबर ।
- मृत्यु संस्कार पुस्तिका।
- श्रद्धान्जली कार्यक्रम ।
- अन्तेष्ठि कार्यक्रम
- मलामी चोख्याउने
- कजेरीहरुको ब्यावस्था ।

**७. चुलामा गरिने कार्यहरु (ऐच्छिक)**

- चुलामा मृतकको आत्मालाई बोलाउने ।
- चुलामा मृतकको आत्मालाई सोधनी ।
- मृतकको आत्मालाई बाटो लाउने ।
- मृतकको खरानी ब्यावस्थापन ।
- नुनतेल/ढोगभेट फुकाउने विधी ।
- काजक्रिया ।

**८. किराया हङकङ सदगत ब्यावस्थापन एजेन्टहरुः**

आदम, फोन : 5113 6184
ज्याकि, फोन : 9755 3088

**९. मृत्यु संस्कार गर्न परे :**

1. किराया हङकङको कार्यसमितिमा ७ दिन अगावै मृत्यु संस्कार फारमभरी बुझाउनु पर्नेछ ।
2. फारम किरायाको वेभ साईड http://kiratrai.org/form/ बाट डाउनलोड गर्न सकिने छ ।
3. किराया हङकङले तोकिएको समयमा मृत्यु संस्कार विधी गरिदिनेछ ।
4. मृत्यु संस्कार गरिदिए वापत किराया कोषमा १००० जम्मा गर्नु पर्नेछ ।
5. मृत्यु संस्कारमा लागेको अन्य सम्पुर्ण खर्च मृतकको आफन्तले बेहोर्नु पर्नेछ ।
6. किराया कुबिमि चलाउने वा आफ्नै बंशको कुबिमि चलाउने स्वोईच्छामा भर पर्नेछ ।
7. सामुहिक चुलाबाट मृतकको आत्मा बाटो लगाउने वा नलगाउने स्वोईच्छामा भर पर्नेछ ।

> "समय सापेक्ष र अनुकुलता, किरात संस्कार जोगाउन आजको आवश्यकता"
> – किराया हङकङ